# आर्थिक वर्ष २०७६/७७ को

## नीति, कार्यक्रम तथा बजेट


**बुद्धभूमी नगरपालिका**

**हनुमानचोक, बुड्ढी, कपिलवस्तु**

**५ नं. प्रदेश, नेपाल**


**२०७६**

मिति २०७६।०३। ०८ गते

**नगर उपप्रमुख ज्यू**

**नगर सभा सदस्य ज्यूहरू**

**प्रमुख प्रशासकीय अधिकृत ज्यू**

**नगर कार्यपालिकाका सम्पूर्ण शाखा प्रमुख साथै राष्ट्र सेवक कर्मचारी ज्यूहरू**

**सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधि**

**पत्रकार साथीहरू**

लोकतान्त्रिक गणतन्त्रत्मक शासन व्यवस्था बहुलबाद, सामाजिक न्याय सहितको समानुपातिक, समाबेशी प्रतिनिधिमुलक व्यवस्था, मौलिक अधिकार, नागरीक स्वतन्त्रता जस्ता महत्वपूर्ण उपलब्धीहरु संस्थागत हुनुको साथै सिंहदरबारको अधिकार गाउ नगर सम्म पुग्नुलाई हामीले मुख्य उपलब्धीको रुपमा लिएका छौं। सार्वभौमसत्ता सम्पन्न नेपाली जनताले निर्वाचित गरेका बुद्धभूमी नगरपालिकाको स्थानीय तहको सरकारको यस गरिमामय पाचौं नगर सभा समक्ष आर्थिक वर्ष २०७६/७७ का लागि नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरेको छु।

प्राचीन नगरी कपिलवस्तु, भगवान गौतम वुद्धको क्रिडा स्थल, यस पवित्र भूमिको नामवाट परिचित यस बुद्धभूमी नगर र नगरवासीको भाग्य रेखा कोर्ने जमर्कोका साथ आयोजित पाचौं नगरसभाको नीति कार्यक्रम तथा वजेट प्रस्तुतीकरण कार्यक्रममा हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु हुने नगरसभाका सदस्यज्युहरु, संचारकर्मी लगायत सम्पूर्ण उपस्थित महानुभाव प्रति गरिमामय उपस्थितिका लागि हार्दिक कृतज्ञता तथा आभार प्रकट गर्दै स्वागत गर्दछु। नेपाल र नेपालीहरुको सर्वोत्तम हित र उन्नतीका लागि विभिन्न कालखण्डहरुमा प्राण उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात वीर शहीदहरु प्रति नतमस्तक हुदै भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु। साथै संघर्षको दौरानमा वेपत्ता तथा घाइते हुनु भएका बीर योध्दाहरू र वहाँहरूका पिडित परिवारहरू प्रति हार्दिक सम्मान व्यक्त गर्दछु।

नगरको समग्र विकासको लागि कडा मिहेनत गर्ने यस नगरका नगर कार्यपालिकाका तथा नगर सभा सदस्यहरुको समन्वय एवं सहमतिमा हामीले यस नगरको समग्र विकास निर्माणको लागि कार्य गरिरहेको ब्यहोरा यहाँहरुलाई सर्व विदितै छ। साथै विकास निर्माण तथा जनतासंग सरोकारका हरेक क्षेत्रमा नगरसभा सदस्य तथा राजनीतिक दलहरुबाट भएको सहयोगको प्रशंसा गर्दै यहांहरुको योगदानको लागि आभार व्यक्त गर्न चाहन्छु।

यस नगरपालिको वार्षिक योजना तर्जुमा गर्दा दिगो विकास लक्ष्य, राष्ट्रिय योजना आयोगबाट प्राप्त भएको मार्गदर्शन तथा बजेट सिलिङ, नेपाल सरकारका विभिन्न मन्त्रालयहरुबाट प्राप्त निर्देशनहरु, प्रदेश सरकारबाट प्राप्त मार्ग दर्शन, विभिन्न विषयगत क्षेत्रबाट प्राप्त भएका मार्गदर्शन तथा राय, सुझाव, वार्षिक समीक्षामा आएका सुझावहरु, क्षेत्रगत अन्य योजनाहरु, योजना बैंकमा रहेका योजनाहरु, विभिन्न संघ संस्थाबाट आएका सुझावहरु, वडाको विपन्नता स्तरीकरण, यस नगरपालिकाको विभिन्न शाखामा भएका अभिलेख तथ्यांक, नगरको यथार्थ अवस्था र यस नगरले विभिन्न दातृ संस्थाहरुसंग गरेका सम्झौता तथा लक्षित वर्ग महिला, दलित, आदिवासी जनजाती, मधेसी, मुस्लिम, पिछडावर्ग, वालवालिका, अपागंता भएका व्यक्ति, जेष्ठ नागरिक लगायत विभिन्न वर्ग, क्षेत्र र समुदायको भावना समेतलाई लक्षित गरि कार्यक्रम र वजेट तयार गरिएको छ।

पूर्वाधार विकास एवं सामाजिक सशक्तिकरणको दृष्टिले पछाडी परेको तर प्राकृतिक साधन र श्रोतको प्रचूर सम्भावना बोकेको यस नगरको आर्थिक श्रोतको रुपमा रहेको खोला नालावाट प्राप्त हुने आय र विभिन्न हाटबजार, कवाडी ठेक्का, रावस्व वाडफाडवाट प्राप्त हुने आय, कर तथा अन्य सेवा शुल्कवाट आउने श्रोत नै प्रमुख रुपमा रहेको छ। यस्तै संघीय तथा प्रदेश सरकारवाट प्राप्त हुने निशर्त र शशर्त बजेट यस नगरको भाग्य कोर्ने मूख्य श्रोत रहेकोछ।

सबै प्रकारको विभेद र असमानताको अन्त्य गर्दै न्यायपूर्ण सामाजिक समावेशीकरणको मूल्य र मान्यतालाई स्थापित गर्दै सबैलाई समान अधिकार, समान अवसर र समान मर्यादा प्रदान गरेको कुरा चालु आ.व. ०७५।७६ को बार्षिक कार्यक्रमले पुष्टी गरेको छ। स्थानीय तहको सरकारको रुपमा आगामी दिनमा संविधानले परिकल्पना गरे अनुरुप सामाजिक न्याय र समाजवादको लक्ष्यमा पुग्न यस नगरपालिकालाई जीवन्त आर्थिक समृद्धिको केन्द्रको रुपमा स्थापित गर्नु पर्नेछ।

यस बुद्धभूमी नगरपालिका क्षेत्रलाई समृद्ध, सवल, विकसित र सुन्दर बनाँउदै कृषिजन्य, पशुजन्य, माछा, खाद्ध सामाग्री तथा स्थानीय दैनिक प्रयोगका सामाग्रीहरुको उत्पादनमा आत्म निर्भरताको दिशातर्फ उन्मुख बनाउँदै रोजगारीमा बृद्धि गर्दै **खुसी र सुखी नगरबासी**को परिकल्पना, अनुशासित र सभ्य समाजको निर्माण गर्न देहाय बमोजिमका समग्र नीति तथा आधारहरु पेश गरेको छु।

यस नगरको सम्बृद्धिको लागि आवश्यक योजना तथा कार्यक्रम संचालन गर्न आगामी आ.व. को बजेट स्वरूप निम्न बमोजिम हुनेछ।

**आ.व. २०७६/०७७ को शिर्षकगत बजेट**

| शिर्षक | पुँजीगत बजेट (रु हजारमा) | चालु बजेट (रु हजारमा) | कुल बजेट (रु हजारमा) |
|---|---|---|---|
| १. निशर्त | ३९२८६६।०० | ७८३७३।०० | ४७१२३९।०० |
| २. शर्सत (सामाजिक सुरक्षा समेत) | ० | ३९५४००।०० | ३९५४००।०० |
| कुल जम्मा | ३९२८६६।०० | ४७३७७३।०० | ८६६६३९।०० |
| प्रतिशत (%) | ४५.३३% | ५४.६७% | १००% |

## आ.व. २०७६/०७७ को समितिगत बजेट

| क्र.स. | विषयगत समितिहरू | बजेट (रु हजारमा) | प्रतिशत |
|---|---|---|---|
| १ | भैतिक पूर्वाधार विकास | ३५२४०७.७१ | ४०.६६ |
| २ | आर्थिक विकास | ३२३८९.३६ | ३.७४ |
| ३ | सामाजिक विकास | ४४४९३८.४० | ५१.३४ |
| ४ | बन वातावरणा तथा विपद् ब्यवस्थापन | २४४७५.०८ | २.८२ |
| ५ | सस्थागत तथा क्षमता विकास | १२४२८.४५ | १.४३ |
| | जम्मा | ८६६६३९.०० | १००.०० |

**मैले तयार गरेका नीति तथा आधारहरु**

१. अवको हाम्रो मुख्य मुद्धा भनेको **"खुसी नगरबासी, सम्बृद्ध बुद्धभूमी"** हो यसै मूल मन्त्रलाई आत्मसाथ गर्दै ऐतिहासिक, साँस्कृतिक र पुरातात्विक महत्व बोकेको यस बुद्धभूमी नगरपालिका नेपालका अन्य नगरपालिकाको तुलनामा विशिष्ट साँस्कृतिक मूल्य मान्यता र नदी, नाला, बन जंगल, ताल तलैया समेतको स्रोत साधन सहित विकासको ठुलो संभावना बोकेको शहर उन्मुख क्षेत्र हो । यस नगरपालिकालाई साँच्चिकै बुद्धभूमी बनाउन र छिमेकी जिल्ला र छिमेकी स्थानीय तहहरुकै आकर्षणको केन्द्रविन्दु बनाउन नगरस्तरीय गौरवका आयोजनाहरुलाई आवश्यक बजेट बिनियोजन गर्ने व्यवस्था गरेको छु ।

२. त्यस्तै गरी आर्थिक रुपमा विपन्न तथा आर्थिक एवम सामाजिक रुपमा पछाडी परेका र पारिएका बर्ग एवम समुदायले प्रत्यक्ष फाईदा पाउने कार्यक्रम र आयोजना अन्तर्गत शुद्ध खानेपानी वितरण, पुर्ण सरसफाई, जेष्ठ नागरिक सम्मान, मातृशिशु स्वास्थ्य कार्यक्रम, सामुदायिक स्वास्थ्य विमा कार्यक्रम, प्रकृतिक संरक्षण तथा पुर्वाधार विकास कार्य आदि कार्यक्रम तथा योजनाहरु सञ्चालन को व्यवस्था मिलाईएको छ ।

३. आगामी दिनको मूल मुद्धा भनेको संविधानले दिएको अधिकार भित्र बुद्धभूमी नगरपालिकालाई स्थानीय तहको सरकारको रुपमा क्रियाशील बनाउदै आर्थिक समाजिक विकास, सार्वजनिक सेवा प्रवाह, भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनको उच्च प्राथमिकता र संविधानको भावना अनुरुप स्थानीय तहका कानूनहरुको निर्माण गर्ने र नगरको आर्थिक समृद्धिलाई मुख्य केन्द्र बिन्दुमा राखी विकास र शासनका कार्यक्रमहरुको सुप्रवन्ध गरिनेछ ।

४. नेपालको संविधानमा उल्लेख भएका मौलिक हकहरु, राज्यका निर्देशक सिद्धान्तहरु, यस सभामा पेश हुने विनियोजन ऐन, आर्थिक ऐनका सिद्धान्तहरु, वडा भेलाका क्रममा आमवासी नागरिकहरुबाट प्राप्त राय, सल्लाह र सुझाव तथा वडा समितिले प्राथमिकीकरण गरेका योजना तथा कार्यक्रमलाई मार्ग दर्शनका रुपमा लिईएको छ साथै बार्षिक बजेट तथा कार्यक्रम तय गर्दा महिला, बालवालिका, आदिवासी जनजाती तथा पिछडिएको

बर्ग र क्षेत्र, दलित र अल्पसंख्यकमा लक्षित कार्यक्रमहरु सञ्चालनमा विनियोजित बजेट सहितको कार्यक्रमलाई उच्च प्राथमिकतामा राखेको छु ।

## आ.व. २०७६/०७७ को प्रस्तावित नीति तथा कार्यक्रम

### क) आन्तरिक आय र राजश्व परिचालन तर्फः

- आयका नयाँ स्रोत तथा क्षेत्रहरुको पहिचान तथा समुचित परिचालनको माध्यमबाट आन्तरिक राजश्व संकलनको दायरा फरकिलो बनाउनको लागि राजस्वको संभाव्यता अध्ययन तथा राजस्व संकलन रणनीतिक कार्य योजना निर्माण गरि कार्यान्वयनमा ल्याइनेछ ।
- साना ठुला सबै व्यवसायीहरुलाई करको दायरा भित्र ल्याउने नीति लिईने छ ।
  १. व्यवसाय कर ।
  २. घर वहाल कर ।
  ३. विज्ञापन कर ।
  ४. नक्सा पास तथा भवन अभिलेखिकरण दस्तुर आदि
- विभिन्न वडामा छरिएर रहेका ताल तलैया पोखरीको उचित ठेक्काको व्यवस्थापनको कार्य नगरपालिकास्तरवाट गरि आन्तरीक स्रोत बृद्धि गरिनेछ ।
- सम्पति कर अशुली प्रणालीलाई थप व्यवस्थित रुपमा लागू गरिनेछ ।
- नदिजन्य बस्तुको ठेक्कालाई व्यवस्थित गर्न अनुगमन संयन्त्रलाई प्रभावकारी बनाईनेछ ।
- करदाताको अभिलेख तयार गरि करदाता शिक्षाको माध्यमवाट कर अशुली प्रणालीलाई व्यवहारिक बनाईनेछ ।
- सामुदायिक बनको राजस्व अशुली प्रणालीलाई स्वचालित बनाईनेछ ।
- ठेकेदारको लाईसेन्स नवीकरण शुल्कलाई समयानुकुल परिमार्जन गरिनेछ ।
- उत्कृष्ट संस्थागत तथा ब्यक्तिगत करदाताहरुलाई प्रोत्साहन गर्ने नीति लिईनेछ ।
- यस बुद्धभूमी नगरपालिकाको सबै वडामा विद्युतीय प्रणालीद्बारा राजश्व असुली गर्ने नीति अवलम्बन गरिनेछ ।

### ख) आर्थिक विकास समितिः

#### कृषि

- कृषकहरुलाई सहज, सुलभ तथा प्रभावकारीरुपमा प्राविधिक सेवाको पहुँच गराईने छ ।
- कृषि जन्य उत्पादन बृद्धि गरि आयात प्रतिस्थापन गरि निर्यात प्रवद्धनका लागी एक गाउँ एक उत्पादन को अवधारणालाई प्रोत्साहन गर्दै लगिने छ ।
- सिंचाई पहुँच नभएका ठाउँमा साना सिंचाई, स्यालो ट्यूवेल, डिपबोरिङ, सतह सिंचाई, पोखरी तथा ताल तलैया मर्मत तथा विस्तार गरि सिंचित क्षेत्रफलको विस्तार गरिने छ ।

- एक घर एक करेसाबारीको अवधारणा अनुसार करेसाबारीको जनचेतना बृद्धिगरि स्वस्छ तथा ताजा तरकारी उत्पादन गरि प्रयोगमा विस्तारका लागी जनचेतना बृद्धिका कार्यक्रम संचालन गरिने छ।
- बेमौसमी तरकारी खेति विस्तार गरी थप आय आर्जन गर्न प्रत्येक वडामा साझेदारीमा टनेलमा तरकारी खेतिको सुरुवात गरिने छ।
- बीउ प्रतिस्थापन दर बढाउनका लागी धान, मकै तथा गहुँको बीउ उत्पादन का कार्यक्रम संचालन गरिने छ।
- बढदो बिषादी प्रयोगबाट मानव तथा पर्यावरणमा परेको नकारात्मक असर न्युनिकरण गर्न बिषादी सचेतनाका कार्यक्रम संचालन गरिने छ।
- कृषक समक्ष नयाँ तथा बढी उत्पादन दिने जातहरुको बीउ वितरण गरि प्रचार प्रसार गरिने छ।
- फलफूलको उत्पादन बृद्धि, मौरी चरन तथा नगरको पर्यावरणमा हरियाली बनाउनका लागी आँप तथा लिचिका विरुवाहरु वितरण कार्यक्रमलाई प्राथमिकता दिइने छ।
- विदेशबाट कृषि सम्वन्धी ज्ञान तथा शिप हासिल गरि नगरमै कृषि पेशामा संलग्न हुन चाहने युवा कृषकहरुको लागी युवा लक्षित कार्यक्रम संचालन गरि रोजगारीको सृजना गरिने छ।
- कृषिमा श्रमिक जनशक्तिको कमी तथा उत्पादन लागतमा कमि गरी कृषि व्यवसायलाई प्रतिस्पर्धि बनाउनका लागी कृषि यन्त्रहरुमा अनुदानका कार्यक्रम संचालन गरिने छ।
- कृषकलाई प्रतिष्प्रधि तथा व्यवसायिक गराउन कृषि मेला, कृषक भ्रमण तथा उत्कृष्ठ कृषकहरुलाई पुरस्कृत गर्ने कार्यक्रमहरु संचालन गरिने छ।
- सामाजिकरुपमा पछाडी परेका समुदाय दलित, जनजाति, मधेसी, आदीवासी तथा महिलाको आय/आर्जन बृद्धिका लागी मौरी तथा च्याउ खेती सम्वन्धि कार्यक्रम संचालन गरिने छ।
- नदिले कटान गरि बगरमा परिणत भएका जग्गामा बगरखेति कार्यक्रम संचालन गरिने छ
- सोयजन खेती (सितल चिनी) लाई व्यवसायिक खेती गर्न विपन्न किसान तथा युवाहरुलाई प्रोत्साहन गरिनेछ।
- एक गाउ एक पोखरीको लागि बजेट व्यवस्थापन गरिनेछ।
- कृषि पेशा नगरबासीहरूको प्रमुख पेशा रहेकोले परम्परादेखि गरिदै आएको कृषि प्रणाली र पशुपालन व्यवसायलाई आधुनिकरण गरी अर्गनिक व्यवसायिक खेती प्रणालीको विकासमा जोड दिइनेछ।

**<u>पशु सेवाः</u>**

- पशु नश्ल्र सुधारको लागि उन्नत जातको रागो बोका साथै कृत्रिम गर्भधानलाई प्रोत्साहन गरिनेछ।
- गरिब घर पहिचान भएका विपन्न परिवारलाई पशु पंक्षिपालन तर्फ अकार्षण गर्न साझेदारी कार्यक्रम संचालन गरिनेछ।
- दुग्ध संकलन तथा चिस्यान केन्द्रलाई व्यवस्थित तथा प्रोत्साहन गरिनेछ।
- युवाहरुलाई स्वस्थ्यकर मासु उत्पादन तथा बढी आय आर्जन हुने खालका टर्की तथा स्थानीय कुखुरा जस्ता पंक्षिपालनको लागि प्रोत्साहन गरिने छ।
- गोठ सुधार तथा मर्मत सहयोगलाई निरन्तरता दिईनेछ।

- पशु बधशालालाई व्यवस्थित गरिनेछ ।
- दुध तथा मासु उत्पादनमा बृद्धि गर्नको लागि पशु आहारमा सुधार गरिनेछ ।
- पशुरोग नियन्त्रण तथा पशुमा लाग्ने बाह्य तथा आन्तरिक परजिवी नियन्त्रण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- मासु पसल सुधार, डेरी पसल सुधार द्वारा कृषकको उत्पादनको बजारीकारणमा सहयोग गरिनेछ ।
- उत्कृष्ट कृषकलाई प्रोत्साहन गरिनेछ ।

**उद्योग तथा उद्यमशिलताः**

- माग तथा परम्परागत शिपको विकासमा सहयोग पुग्ने तालिमको व्यवस्था गरिनेछ ।
- साना तथा लघु उद्दमीहरुको विवरण संकलन गरिने छ ।
- रुग्ण उधोगहरुको पहिचान गरी त्यस्ता उधोगलाई टेवा पुग्ने सहयोग उपलब्ध गराई पुन संचालनमा ल्याईनेछ ।
- मेडपा मोडलको माध्यमवाट १०० जना नया उद्दमीहरु तयार गर्ने नीति लिईने छ ।
- परम्परागत रुपमा संचालन गरिएका उद्दमको आधुनिकीकरण गरिने तथा उधमीहरुलाई उधमशिलता तालिम प्रदान गरिनेछ ।
- कृषि तथा बनजन्य उत्पादनवाट संचालन गर्न सकिने साना घरेलु उधोग स्थापनाको लागि महिला समूहलाई प्रोत्साहन गरिनेछ ।

**पर्यटनः**

- धार्मिक पर्यटनको विकासको लागि स्थानीय मठ मन्दिर देवालय तथा पुरातात्विक तथा ऐतिहासिक स्थलहरुको पहिचान गरी तत् स्थानको परिचय तथा महत्व झल्कने प्रचार सामाग्री तयार गरिनेछ ।
- ताल सुन्दरीकरण, पिकनिक स्थलको निर्माण गरी आन्तरिक पर्यटक भित्र्याउने नीति लिइनेछ ।
- स्थानीय कला संस्कृती संगित तथा नृत्यको प्रवर्धन तथा क्षमता विकास गरी आय आर्जनको बाटो खुलाउने नीति लिइनेछ ।
- ताल तलैया तथा आदिवासी जनजातीहरुको बस्तीहरुमा होमस्टेको व्यवस्था गर्ने कार्यक्रम ल्याइने छन् ।
- आन्तरिक पर्यटनको विकास गर्ने ।
- चिल्डेन पार्क तथा मनोरन्जनको लागि संभाब्य स्थलहरुको पहिचान गरी विकास गर्ने ।
- अर्गानिक मोरिङ्गा (शितल चिनी) खेतिको विकास र विस्तार गरी बुद्धभुमीलाई मोरिङ्गाको हव बनाउने र उक्त खेतीको जानकारी तथा प्रशोधनको लागि अवलोकन गर्ने गन्तब्य स्थानको रुपमा विकास गर्ने ।

**सहकारीः**

- सहकारीको माध्यमवाट पुजी निर्माण गरी साना तथा घरेलु उद्योग, साना व्यवसाय, व्यवसायिक खेती, व्यवसायिक पशु पालनमा जोड दिइने ।
- सहकारी शिक्षाको व्यापक प्रचार प्रसार गरिनेछ ।
- सहकारी संस्थाका कर्मचारी तथा पदाधिकारीहरुको क्षमता विकास गरिनेछ ।
- उत्कृष्ट कार्य सम्पादन गर्ने सहकारीलाई प्रोत्साहन गरिनेछ ।

- सहकारी संस्थालाई शिक्षा तथा स्वास्थ्यको क्षेत्रमा समेत लगानी गर्न उप्रेरित गरिनेछ ।

**सामाजिक परिचालन तथा गरिवी न्यूनीकरणः**

- सामाजिक परिचालनको माध्यमवाट गरिवी न्यूनीकरण गर्ने रणनीति लिईनेछ ।
- समुदायमा छरिएर रहेका पुँजीलाई एकीकृत गरी पुँजी आय आर्जन तथा अन्य विकास कार्यमा परिचालन गरिनेछ ।
- गरिवी निवारण कार्यक्रमद्धारा प्रबद्धित सामुदायिक संस्थाको माध्यमवाट समुदायका अति गरिव, विपन्न, दलित, अल्प संख्यक, सिमान्तकृत समुदाय, बहु विपन्न महिला, अन्त्यन्त पिछडिएका वर्ग समुदायको परिवारहरुको लागि उत्पादनशिल एवं स्व आर्जनको वातावरण श्रृजना गरिनेछ ।
- गरिवी निवारण कार्यक्रमद्धारा प्रबद्धित सामुदायिक संस्था र साना पुर्वाधार विकास आयोजनाको लगत तयार गरिनेछ ।

**ग) वन वातावरण, उर्जा तथा विपद् व्यावस्थापन**

- सार्वजानिक जग्गा, जिर्ण अवस्थामा रहेका पोखरी, तालतलैयाको संरक्षण एवं विस्तार गरिनेछ ।
- राष्ट्रिय बनलाई सामुदायिक बनमा परिणत गर्नको लागि पहल गरिनेछ ।
- विपद् व्यवस्थापन तथा जलवायू अनुकुल रणनैतिक योजना निर्माण गरिनेछ ।
- प्रत्येक वडामा विपद व्यवस्थापनको लागि जनशक्ति तयार गरिनेछ ।
- विपद व्यवस्थापन सम्बन्धी जनचेतनाका कार्यक्रम संचालन गरिने छ ।
- सार्वजनिक स्थल तथा चोक बजारमा सौर्य उर्जा विस्तार कार्यलाई निरन्तरता दिईने छ ।
- व्यवसायिक रुपमा सोयजनको खेति गर्ने किसानलाई निशुल्क विरुवा उपलब्ध गराई आय आर्जन तथा बातावरण संरक्षणमा जोड दिईने छ ।
- बुद्धभूमी चक्रपथलाई सुन्दरीकरण गर्न सडकको छेउमा बृक्षारोपण गरिनेछ ।
- प्लाष्टिक झोला, ग्लास निषेधित अभियान सञ्चालन "प्लाष्टिक झोला, गिलास मुक्त नगरः हामी सवैको एउटै रहर" भन्ने अभियान साथ प्लाष्टिक झोला, गिलास निषेधित अभियान सञ्चालन गरिनेछ ।

**घ) सामाजिक विकास तर्फ**

**शिक्षाः**

- "हाम्रो नगर हाम्रो गाउँ सवै वालवालिकालाई विद्यालय पुर्याऔं" भन्ने आदर्श वाक्यका साथै विद्यालय उमेर समूहका सवै वालवालिकाहरुलाई विद्यालयको पहुचमा ल्याईनेछ ।
- पाच बर्षे शैक्षिक रणनैतिक योजना निर्माण गरिनेछ ।
- विद्यालयहरुको शैक्षिक गुणस्तर अभिबृद्धि गर्न सूचक सहित कार्यसम्पादन संझौता गरिनेछ ।
- बाल मैत्री शिक्षण विधिलाई प्रोत्साहन गरिनेछ ।
- वाल विकास केन्द्रलाई आधुनिकीकरण तथा विस्तार गर्दै लगिनेछ ।
- मदरसा शिक्षाको मूलप्रवाहीकरणमा सघाउ पू-याउन मदरसाहरुको शैक्षिक तथा पूर्वाधार विकासमा जोड दिईनेछ ।

- शिक्षाको गूणस्तर सूधारमा साझेदार संस्थाहरुसंगको सहकार्यमा जोड दिईनेछ।
- विधालयमा अध्ययनरत किशोरीहरुको लागि आईरन चक्की र सेनेटरी प्याडको व्यवस्था विधालयमा मिलाइनेछ।
- सवै विद्यालयमा प्राथमिक उपचार सहितको Kid Box को व्यवस्थालाई निरन्तरता दिईनेछ।
- विद्यालय सरोकारवालाहरुको क्षमता अभिबृद्धिमा जोड दिईनेछ।
- शैक्षिक गुणस्तर बृद्धिका कार्यक्रम संचालन गरिनेछ।
- विद्यालय सु-शासनमा विशेष जोड दिईनेछ।
- विद्यालय स्काउटिंगलाई निरन्तरता दिईनेछ।
- अनौपचारिक शिक्षाको माध्यमवाट निरन्तर शिक्षाका साथै जीवन पर्यन्त शिक्षालाई निरन्तरता दिईनेछ।
- शिक्षक विधार्थीको अनुपातलाई ध्यानमा राखि मिलान तथा समायोजन गरी शैक्षिक संस्थाहरुमा न्यूनतम जनशक्ति व्यवस्थापन गरिनेछ।
- समावेशी शिक्षाको माध्यमवाट अपांग, दलित, महिला, पिछडाबर्ग एवं गरिवीको रेखामुनी रहेका बालवालिकाहरुको पहिचान गरि शिक्षाको पहुच पुर्याईने छ।
- विद्यालयको भौतिक पूर्वाधारमा विशेष ध्यान दिई बाल एवं अपांग मैत्री बातावरण अनुकुलन एवं सुविधा सम्पन्न पूर्वाधारहरुको व्यवस्था गरिनेछ।
- प्राविधिक शिक्षाको माध्यमवाट शिपयुक्त जनशक्तिको उत्पादन गर्नुका साथै स्वरोजगारमूलक बनाईने छ।
- शिक्षाको माध्यमवाट नैतिक, स्व: अनुशासन संस्कार सहितको आचरण निर्माण गर्नुका साथै मानवीय मूल्य मान्यता तर्फ विद्यार्थिहरुका थप शैक्षिक कार्यक्रम संचालन गरिने छन।
- एक विद्यालय एक करेसावारी नीति अवलम्वन गरिनेछ।
- प्रत्येक विद्यालयहरूमा योग शिक्षा, नैतिक शिक्षा नीति अवलम्बन गरिनेछ।
- विद्यालय सुशासन कायम गर्न पुरस्कार र दण्डको व्यवस्था गरिनेछ।

**युवा तथा खेलकुदः**

- वडा तथा नगर युवासंजाल गठन तथा संस्थागत शसक्तिकरणमा जोड दिईने छ।
- यूवाहरुको रोजगारीको अवशर श्रृजना गर्न व्यवसायमूलक शिप, आय आर्जन, उद्यमशिल सम्वन्धी तालिमको व्यवस्था मिलाईनेछ।
- खेलकुद क्षेत्रको विकासमा यूवालाई परिचालन गर्दै विभिन्न खेलकुद कार्यक्रम संचालन गरिने छ।
- राष्ट्रपति रनिंग शिल्ड तथा मेयर कप प्रतियोगितालाई निरन्तरता दिईने छ।
- क्रिकेट, फुटवल तथा भलिवलको नगरस्तरीय टिम निर्माणको लागि खेलाडी छनौट र प्रशिक्षणको व्यवस्था मिलाईने छ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत युवाहरुलाई नगरको विकास गतिविधीमा परिचालन गरिनेछ।
- लागू औषधको नियन्त्रण तथा रोकथाम सम्वन्धी जनचेतना कार्यक्रम संञ्चालन गरिनेछ।
- बैदेशिक रोजगारमा जानवाट रोक्नको लागि युवा स्वरोजगार कार्यक्रमलाई प्राथमिकता दिईनेछ।

- विदेशमा गई सिकेका शिप तथा अनुभव आदानप्रदान गरी स्वरोजगार तर्फ युवाहरुलाई आकर्षित गरिनेछ।
- युवाहरुलाई सुरक्षित बैदेशिक रोजगार सम्वन्धि सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ।
- विदेशमा रहेका युवा युवतीहरुलाई "मेरो लगानी, मेरो नगर सुधार" भन्ने नाराका साथ लगानी गर्न प्रोत्साहन गरिनेछ।
- युवाहरुमा रहेको अन्तरनिहित प्रतिभालाई प्रस्फुटन गर्न गराउनको लागि विभिन्न किसिमका कला, संस्कृती, वातावरण, सामाजिक सद्भाव प्रवर्धन हुने खालका गतिविधि संचालनमा प्राथमिकता दिईनेछ।
- युवाहरुको रोजगारीको अवशर श्रृजना गर्न उद्यमशिलता तथा अन्य शिपमूलक व्यवसायिक तालिम संचालन गरिनेछ।
- युवाहरुलाई दुव्यर्सन तथा कुलतवाट बच्न बचाउनको लागि युवा परामर्श सेवा कार्यक्रम संचालन गरिनेछ।
- एक विद्यालय एक खेलकुद शिक्षक र एक वडा एक खेलकुद मैदानको नीति अवलम्बन गरिनेछ।
- निर्माणधिन बुद्धभूमी खेलमैदानलाई सुविधा सम्पन्न रंगशालाको रूपमा विकास गर्दै लगिनेछ।

**स्वास्थ्यः**

- यस नगरपालिकामा आधुनिक सेवा सहितको १५ सैयाँसहित अस्पताल स्थापना गर्न पहल गरिनेछ।
- यस नगरपालिकाका प्रत्येक वडाका आफनो भवन नभएका स्वास्थ्य चौकीमा भवन निर्माणको लागि पहल गरीनेछ।
- घरमा हुने प्रशुतीलाइ शुन्यमा पुर्याउने कार्यक्रमलाइ निरन्तरता दिइने छ।
- सुनौला हजार दिन गर्भवती महिलाको घरमा झन्डा र पोषणको लागि सामाग्री कार्यक्रम अगाडि वढाइने छ ।
- सुत्केरी महिलालाई घरमा गई बच्चा र आमालाई (PNC) जाँच सेवा उपलब्ध गराईने छ।
- एम्वुलेन्स सेवा लाई सर्वसुलभ वनाई गर्भवती र सुत्केरी महिलालाई निशुल्क सेवा दिईने छ।
- सवै वडालाई पुर्ण खोप घोसणा गरी दिगोपन कायम गर्न पहल गरीने छ।
- खोप सेवा व्यवस्थित गर्न एउटा (Cold Chain Center) को व्यवस्था मिलाइने छ।
- स्वास्थ्य सेवालाई गरिब विपन्न वर्गसम्म प्रभावकारी रुपमा प्रदान गरिने छ ।
- पोषण लक्षित कार्यक्रमलाई विपन्न परिवारमा प्रभावकारी रुपमा अगाडि बढाइने छ।
- परिवार नियोजन सेवाको प्रयोग दरलाई बढाइने छ।
- नगर स्वास्थ्य क्लिनिकको विस्तार गरिने छ।
- विशेषज्ञ स्वास्थ्य सेबा शिविरहरुबाट जनतालाई सेवा प्रदान कार्यलाई निरन्तरता दिइनेछ।
- स्वास्थ्यका कार्यक्रमहरु विभिन्न साझेदारी संस्थाहरुसंग समन्वय गरी अगाडि बढाइने छ।
- स्वास्थ्य चौकीहरुमा प्रयोगशालाको व्यवस्था गर्ने कार्यलाइ निरन्तरता दिइने छ।

**आयुर्वेद चिकित्साः**

- आयुर्वेद चिकित्सा सेवा स्थापनाको लागि आयुर्वेद चिकित्सकको व्यवस्था गरिनेछ।
- आयुर्वेद चिकित्सा/ प्राकृतिक चिकित्साको प्रचार प्रसार गरिनेछ।

- आयुर्बेद औषधिवाट निशुल्क उपचारको व्यवस्था गरिनेछ।
- आयुर्वेद जडीवुटी उद्यान निर्माण गर्न पहल गरिनेछ।
- आयुर्वेद पंचकर्म तथा योग केन्द्रको स्थापना र दरवन्दी माग गरिनेछ।
- नसर्ने रोग नियन्त्रणको लागि आयुर्वेद शिक्षाको प्रचार गरिनेछ।
- एक घर पाच योग र सात जडिवुटी सचेतना अभियानको थालनी गरिनेछ।

**बालवालिका लक्षितः**

- बाल विकास केन्द्रहरुको पूर्वाधार निर्माण तथा नमूना बाल विकास केन्द्र बनाउनको लागि बजेट व्यवस्था गरिनेछ र बाल विकास केन्द्रको क्षमता विकासको लागि अन्य संघ/संस्थालाई समेत सहभागि गराईनेछ।
- जन्म दर्ता तथा विद्यालय भर्ना अभियानमा सहयोग पुग्ने कार्यक्रम संचालन गरीने छ।
- बाल विवाह विरुद्धको अभियानलाई चौतर्फी सामाजिक दवाव दिने गरि बाल विवाह मूक्त नगर घोषणा गर्ने नीति अनुरुप कार्यक्रमलाई निरन्तर संचालन गरिनेछ।
- बाल मैत्रि स्थानीय शासन अवलम्वनका लागि कार्यक्रमहरु सञ्चालन गरीने छ।
- विद्यालयस्तरमा बाल क्लब, वडास्तरीय वाल संजाल तथा नगरस्तरीय बाल संजाल गठन गरिनेछ।
- वाल संजाल गठन सम्वन्धी कार्यविधि निर्माण गरि कार्यान्वयनमा ल्याईनेछ।
- बालसंञ्जालका पदाधिकारीरुको क्षमता विकासको कार्यक्रम संचालन गरिनेछ।
- वालवालिकाको पोषणको अवस्था सुधारको लागि टिफिनको व्यवस्था मिलाईनेछ।

**महिला लक्षितः**

- महिलाहरुको आर्थिक तथा सामाजिक विकासको लागि शिप विकास, आय आर्जन, क्षमता विकास, लैङ्गिक समानता, नेतृत्व विकास जस्ता कार्यक्रमहरु संचालन गरिनेछ।
- दहेज प्रथा तथा वाल विवाह अन्त्यको लागि महिलाहरुको नेतृत्वमा चेतनामूलक कार्यक्रम संचालन गरिनेछ।
- बाल विवाह तथा दहेज प्रथा अन्त्यको नियमित अनुगमनको लागि प्रत्येक वडामा निगरानी समूह गठन गरिनेछ।
- महिला शशक्तिकरण कार्यक्रम अन्तर्गत नारी दिवस तथा १६ दिने अभियान संचालन गरिनेछ।
- सुनौला हजार दिनका महिलाहरुको लागि पोषण सम्वन्धि सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ।
- महिला गृहणीहरुको लागि करेशावारी प्रवर्धन, सरसफाई तथा कम्पोष्ट मल बनाउने शिप शिकाईनेछ।
- महिला समूह, आमा समूह, समितिहरुको संस्थागत क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।
- सवैखाले हिंसा न्यूनीकरणको लागि आकस्मिक समस्या सुनुवाई हेल्पलाईनको व्यवस्था गरिनेछ।

**दलित लक्षितः**

- दलित वस्तीहरुमा आवश्यक भौतिक पूर्वाधार विकासका योजनाहरु संचालन गरिने छ।
- दलित वर्ग उत्थानका लागि शिप विकास तथा आय आर्जन कार्यक्रम संचालन गरिनेछ।
- दलित वस्तीमा अभियानको रुपमा पोषण, खानेपानी तथा सरसफाई कार्यक्रम संचालन गरिने छ।

- विपन्न दलित यूवा वर्गलाई उद्यमशिलतामा आधारित शिपमूलक तालिम प्रदान गरिने छ।

**आदिवासी जनजाती लक्षितः**

- भौतिक पूर्वाधार निमार्णमा सहयोग गरिनेछ।
- सिप विकास तथा आय आर्जन वृद्धिमा सहयोग पूग्ने क्रियाकलाप संचालन गरिनेछ।
- संस्कृति तथा रितिरिवाज संरक्षण संम्वर्धनमूलक कार्यक्रम संचालन गरिनेछ।
- पोषण, सरसफाई तथा वातावरण संरक्षण सम्वर्धनका कार्यक्रम संचालन गरिनेछ।

**अपाङ्ग लक्षितः**

- फरक क्षमता भएका व्यक्तिहरुको नेतृत्व विकास तथा आय आर्जनको लागि सीप विकास तालिम संचालन गरिनेछ।
- फरक क्षमता भएका व्यक्तिहरुको लागि सम्मान र सामाग्री सहयोग उपलब्ध गराइने छ।

**मधेशी, मुस्लिम, पिछडावर्ग लक्षितः**

- मधेशी, मूस्लीम, पिछडा वर्गको वसोवास भएको वस्तीको भौतिक पूर्वाधार विकास निमार्णमा सहयोग गरिनेछ।
- मदरसा स्कुलहरुको भौतिक पूर्वाधार विकास निमार्णमा सहयोग गरिनेछ।
- आय आर्जनका क्रियाकलाप तथा सीप विकास तालिम संचालन गरिनेछ।
- कृषि तथा पशु पालन सम्वन्धि तालिम तथा सुधार कार्यक्रम संचालन गरिने छ।
- अति विपन्न परिवारको फुसको छानो भएका घरको छानोलाई विस्थापित गरी कर्कटपाता उपलब्ध गराईनेछ।

**जेष्ठ नागरिक लक्षितः**

- जेष्ठ नागरिकहरुको सम्मान, तिर्थस्थलहरुको दर्शन तथा सामाग्री सहयोग कार्यक्रम संचालन गरिने छ।
- अल्जाईमर, स्पाईनलकर्ड ईन्जुरी, अटिजम, पार्किन्सन जस्ता रोगहरुको वारेमा सचेतना मूलक कार्यक्रम संचालन गर्ने।
- आखाँको निशूल्क शिविर संचालन गरिनेछ।
- ८४ बर्ष पुरा गरेका जेष्ठ नागरिकको घर मै स्वास्थ्य उपचारको व्यवस्था गरिनेछ।
- मनोरन्जन समेतलाई ध्यानमा राखि धार्मिक तथा अध्यात्मिक पार्क क्रमश गाउँ वस्ती तथा शहरोन्मुख स्थानहरुमा निर्माण गर्दै लगिनेछ।

**लोपोन्मुख जातजातीः**

- शिप तथा क्षमता विकासका कार्यक्रम संचालन गरी आय आर्जनमा सहयोग पुर्याईनेछ।

**ङ) भौतिक पुर्वाधार तथा स्थानीय विकासतर्फः**

**भौतिक पुर्वाधार तथा स्थानीय विकासतर्फः**

- अधुरा योजनालाई प्राथमिकता दिई पूर्वाधार विकास कार्य अघि बढाईने छ।
- लागत साझेदारीमा नगरका मूख्य सडक तथा अन्य भौतिक पूर्वाधारको विकास गरिनेछ।

- भौतिक पूर्वाधार विकासको लागि सम्पुरक कोषको व्यवस्था गरी थप लगानी भित्रयाईने छ ।
- सडक संजालको लगत तयार गरी सडकहरुको बर्गिकरण, स्तरीकरण र नामाकरण गरिनेछ ।
- बुद्धभूमी चक्रपथ निर्माण र विस्तारको कामलाई  तिव्रता दिईने छ ।
- विद्यालय, स्वास्थ्य संस्था, सूरक्षा तथा वडा कार्यालयको ब्यवस्थापन साथै पूर्वाधार निर्माणमा जोड दिइनेछ ।
- लिफ्ट सिचाई, भूमिगत सिचाई, बाँध निर्माण, तथा सतहका साना तथा सामूदायिक सिँचाई आयोजनाहरु निर्माणमा जोड दिईनेछ ।
- खानेपानी सरसफाई तथा स्वच्छता रणनैतिक योजना निर्माण गरिनेछ ।
- मुख्य बजार सरसफाई कार्यलाई प्रभावकारी बनाईने छ ।
- ठुला आयोजनाहरुको डी.पि.आर. तयार गरि लागत सहभागितामा योजना संचालन गरिनेछ ।
- आगामी दिनमा सार्वजनिक भौतिक पूर्वाधारको निर्माण गर्दा अपांग तथा बाल मैत्री बनाईने छ ।

**च) सार्वजनिक सेवा तथा क्षमता विकास तर्फः**

- पूरातात्विक सम्पदाको संरक्षण, प्रचार प्रसार, ताल तलैया तथा पर्यटकीय संभाब्यता बोकेका स्थलहरुको पर्वद्धन तथा सुन्दरीकरणमा जोड दिई आन्तरिक पर्यटन प्रवर्धनमा जोड दिईनेछ ।
- रेडियो, टेलिभिजन, अनलाईन मेडिया तथा पत्र पत्रिका प्रकाशन गर्ने मिडियाहरुसंगको सहकार्यमा चेतनामूलक कार्यक्रम तथा नगरको विकास निर्माणका गतिविधिहरु नियमित रुपमा जानकारी गराउदै लगिने छ ।
- नगरपालिकाको स्रोत र संभाव्यता अध्ययन गरि स्थानीयतहको आय वृद्धी गर्ने कार्यक्रम संचालन गरिनेछ ।
- नगरपालिकाको स्रोत नक्सा तयार गरिनेछ ।
- जनप्रतिनिधी तथा कर्मचारीहरुको क्षमता विकास कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- स्थानीय पत्रकारहरुको क्षमता विकासका क्रियाकलापहरु संचालन गरिनेछ ।
- नगरप्रहरीको व्यवस्था गरी नगरभित्रको सरसफाई, शान्ती सुरक्षा, राजस्व अशुली लगायत नगरको ऐन तथा कानून कार्यान्वयनमा प्रभावकारिता ल्याईनेछ ।
- यस नगरपालिका भित्र व्यवस्थित रिफ्रेस सेन्टर निर्माण गरिनेछ ।
- नगरभित्रका अति विपन्न परिवारको फुस तथा खरको छाना भएको घर विस्थापित गरी सुरक्षित आवास कार्यक्रमको लागि बजेट व्यवस्था गरिनेछ ।
- सफ्टवेयर कार्यक्रम लागू गरी सबै प्रशासनिक कार्यलाई व्यवस्थित लगिनेछ ।
- नगरकार्यपालिकाकाो कार्यालय र वडा कार्यालयहरूबाट प्रदान गरिने सेवालाई सहज, सर, गुणस्तरीय, प्रभावकारी र छिटोछरितो बनाई सुशासन, पारदर्शिता र जवाफदेहिताको प्रत्यक्ष अनुभूति गराइनेछ ।
- अहोरात्र खटिने राष्ट्रसेवक कर्मचारीहरूको मनोबल उच्च राख्न कार्यसम्पादन मूल्यांकनको आधारमा प्रोत्सहान गरिनेछ ।

- नगरपालिका भित्र रहेको सार्वजनिक स्थल, जग्गा, जमिन, मठ मन्दिर, गुम्बा लगायत सार्वजनिक सम्पत्तिकाो तथ्यांक संकलन गरी आवश्यकता अनुसार संरक्षण र सम्बर्द्धन गर्न विशेष नीति अपनाइनेछ ।
- नगरपालिका क्षेत्रभित्र रहेको ऐलानी जग्गाको अभिलेखिकरण गर्न कार्यको थालनी गरिनेछ ।

**छ) सुशासन तथा संगठन विकासः**

- नगर तथा वडा कार्यालयको संगठन विकासका कार्यक्रम संचालन गरीनेछ ।
- वडा तथा नगरपालिकालाई सूचना प्रविधी मैत्री बनाइने छ ।
- सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण तथा सार्वजनिक लेखापरिक्षण कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।
- अनूगमन तथा मूल्यांकन प्रणालीलाई प्रभावकारी बनाउन सूचकसहितको अनुगमनको ढाचा तयार गरि लागू गरिनेछ ।
- सामाजिक सूरक्षा भत्ता वितरण प्रणालीलाई प्रत्येक वडामा बैंक मार्फत भुक्तानी दिने र असक्त, अपांगहरुलाई घरमै पुगेर वितरण गर्ने व्यवस्था मिलाईने छ ।
- पेश्की तथा बेरुजू फछर्यौट कार्यलाई प्राथमिकता दिई न्यूनीकरण गरिने छ ।

यी नीति तथा कार्यक्रमको कार्यान्वियनबाट यस नगरपालिकाको संमृद्धी हासिल गर्न सहयोग पुग्ने छ यस गरिमामय सभामा उपस्थित सम्पूर्ण नगर सभा सदस्यज्यूहरुलाई प्रत्येक बुँदाहरु कार्यान्वियनको लागि सबैले आ-आफ्नो कर्तब्य मसहुस गरी विबाद रहित वातावरणको श्रृजना गर्नुहुनेछ भन्ने आशा छ । साथै परनिर्भरतालाई त्याग गर्दै आफ्नो समग्र नगरलाई सफलताको शिखरसम्म पुर्याउन रचनात्मक र क्रियाशिल भई लाग्नुहुने छ भन्ने विश्वास समेत गर्दछु ।

अन्त्यमा बजेट तथा योजना तर्जुमा र यो नीति तथा कार्यक्रम तयारीको लागि अहोरात्र खटिनुहुने जनप्रतिनिधी पदाधिकारी, सम्पूर्ण कर्मचारी लगायत सुझाव, सल्लाह प्रदान गर्नुहुने राजनैतिक दलका प्रतिनिधी तथा समाजसेवी, बुद्धिजीवी, नगरबासी आमा बुवा, दाजु भाई दिदि बहिनी, संचारकर्मी र नागरिक समाज, मानव अधिकारकर्मी प्रति विशेष धन्यवाद दिन चाहान्छु ।

धन्यवाद ।